नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान
रवि भवन, कालिमाटी, काठमाण्डौं
फोन नं ४२७०६०५ र ४२७००७३

# सिलबन्दी बोलपत्र/दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७५।४।०३

यस प्रतिष्ठानमा निम्नानुसारको खरिद कार्य वोलपत्र/दरभाउपत्रबाट गर्नु गराउनु पर्ने भएकोले इजाजत प्राप्त व्यक्ति, फर्म, कम्पनी वा संस्थाले कारोवारको इजाजत, फर्म दर्ता, आयकर, स्थायी लेखा नम्बर तथा मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्रहरुको प्रतिलिपि वोलपत्र/दरभाउपत्र साथमा राखी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले निम्न अवधि सम्म यस प्रतिष्ठानमा प्रत्येक ख.नं. को अलग अलग दर्ता गर्न आव्हान गरिन्छ । वोलपत्र/दरभाउपत्र फारम आ.ब.२०७३/०७४ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि पेश गरी निम्नानुसारको दस्तुर (रकम फिर्ता नहुने गरी) लेखा शाखामा तिरी खरिद गर्न सकिनेछ । यस सम्बन्धी विस्तृत विवरणे सूचना पाटीमा र वेभ साइट www.nathm.edu.np मा हेर्न सकिनेछ ।

| खण्ड | विवरण | खरिद विधि | बोलपत्र/ दरभाउपत्र दस्तुर रकम (रु) | पेश गर्ने अवधि | खोल्ने मिति र समय |
|---|---|---|---|---|---|
| ख.नं.१ | सुरक्षा सेवा व्यवस्थापन खरिद | सिलबन्दी बोलपत्र | ३,०००।- | ३१ दिनको १२:०० | ३१ दिनको १:०० |
| ख.नं.२ | सरसफाई व्यस्थापन खरिद | सिलवन्दी बोलपत्र | ३,०००।- | ३१ दिनको १२:०० | ३१ दिनको ३:३० |
| ख.नं.३ | वगैचा व्यवस्थापन खरिद | सिलवन्दी दरभाउपत्र | १,०००।- | १६ दिनको १२:०० | १६ दिनको १:०० |

शर्तहरु :

१) बोलपत्र तथा दरभाउपत्र फारम आ. व. ०७३।७४ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि पेश गरी उपरोक्त अनुसारको दस्तुर रकम (फिर्ता नहुने गरी) तिरी यस प्रतिष्ठानबाट खरिद गर्न सकिनेछ र सो को सक्कल रसिद बोलपत्र फाराममा संलग्न गरी पेश गर्नु पर्नेछ । प्रतिलिपि, फोटोकपी वा अन्य कागजातमा पेश गरेको बोलपत्र लाई मान्यता दिईने छैन ।

२) प्रतिष्ठानको छाप तथा दस्तखत नभएको बोलपत्र/दरभाउपत्र फारामलाई मान्यता दिईने छैन ।

३) एउटा संस्थाको नाममा लिईएको बोलपत्र/दरभाउपत्र फाराम अर्को संस्थाको नामबाट पेश गर्न पाईने छैन ।

४) बोलपत्र/दरभाउपत्र पेश गर्दा पेश गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्थाको अधिकार प्राप्त प्रतिनिधिले यस फारामको प्रत्येक पानामा सही गरी फर्म वा कम्पनीको छाप समेत लगाएको हुनु पर्नेछ । बोलपत्र साथ आयकर इजाजत प्रमाणपत्र, फर्म दर्ता प्रमाणपत्र तथा मुल्य अभिवृद्धि कर दर्ता र आ.व.२०७३।७४ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपिहरु अनिवार्य रुपमा संलग्न गर्नु पर्ने छ ।

५) बोलपत्र/दरभाउपत्र फारामको Bill of quantities मा दरभाउ उल्लेख गर्नु पर्नेछ ।

६) कुल दरभाउ रकम एवं इकाइगत दर अंङ्क र अक्षर दुवैमा लेखिएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक भएको पाईएमा अक्षरलाई मान्यता दिईनेछ ।

७) दरभाउ उल्लेख गर्दा मूल्य अभिवृद्धि कर पनि स्पष्ट उल्लेख गरिएको हुनु पर्नेछ । मूल्य अभिवृद्धि कर उल्लेख नभएको अवस्थामा बोलपत्र/दरभाउपत्र रकम मूल्य अभिवृद्धि कर सहित भएको मानिने छ ।

८) बोलपत्रदाता/दरभाउपत्रदाताको दस्तखत र छाप नभएको बोलपत्र/दरभाउपत्रलाई मान्यता दिईने र मूल्यांकन गरिने छैन ।

९) बोलपत्रदाता/दरभाउपत्रदाताले बोलपत्र/दरभाउपत्र जमानत बापत खरिद नं १, खरिद नं २ र खरिद नं ३ को लागि क्रमशः कम्तिमा रु.९५,०००।-,५५,०००।- र १३७५०।- रकममा नघटाई नगद जमानत बापत कालिमाटीस्थित कृषि विकास बैक कालिमाटी शाखामा रहेको चल्ती खाता नं. ०२१०३००१६६९९८०१४ मा जम्मा गरी सोको सक्कल भौचर वा वाणिज्य बैङ्कले यस प्रतिष्ठानको नाममा जारी गरेको सो रकम बराबरको बोलपत्र जमानतको अवधि बोलपत्र मान्य हुने अवधि भन्दा ३० दिनको हुने गरी बोलपत्रको हकमा १२० दिनको र दरभाउपत्रको हकमा ७५ दिनको मान्य अवधि रहने गरी बोलपत्र/दरभाउपत्र जमानत (बैंक ग्यारेन्टी) पेश गर्नु पर्नेछ । बोलपत्र/दरभाउपत्र जमानतको अवधिको गणना गर्दा बोलपत्र पेश गर्ने अन्तिम मितिबाट प्रारम्भ हुनेछ ।

११. बोलपत्र/दरभाउपत्र फाराम गोरखापत्रमा सूचना प्रकाशित भएको मितिले उपरोक्त अवधि भित्र कार्यालय समयमा यस प्रतिष्ठानमा सिलवन्दी गरी पेश गर्नु पर्नेछ । उक्त दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलि पल्ट कार्यालय खुलेको दिनलाई म्याद कायम गरिने छ ।

१२. सिलवन्दी वोलपत्र/दरभाउपत्र सूचना प्रकाशित भएको मितिले ख.नं.. १ र ख.न.. २ को हकमा क्रमश दिनको १:०० बजे र ३:३० वजे तथा ख.नं. ३ को हकमा १:०० बजे यस प्रतिष्ठानमा खोलिने छ । उक्त दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलि सोही अनुसारको समयमा यस प्रतिष्ठानमा खोलिनेछ । तर बोलपत्रदाताहरु उपस्थित नभएतापनि बोलपत्र खोल्न कुनै वाधा पर्ने छैन ।

१३. बोलपत्र/दरभाउपत्र स्वीकृत भए पछि बोलपत्रको हकमा १५ दिन भित्र र दरभाउपत्रको हकमा ७ दिन भित्र कार्य सम्पादन जमानत दाखिला गरी खरिद सम्झौता गर्नु पर्नेछ । यसरी जमानत दाखिला गर्दा बोलपत्रदाता/दरभाउपत्रदाले लागत अनुमान भन्दा पन्ध्र प्रतिशतसम्म कम अङ्क कबुल गरेमा कबुल अङ्कको पाँच प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशत भन्दा बढी घटेर कबुल गरेको अवस्थामा पन्ध्र प्रतिशत भन्दा जति रकमले घटी कबुल गरेको छ सोको पचास प्रतिशतले हुन आउने रकम कबुल अङ्कको पाँच प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत बापत दाखिला गर्नु पर्नेछ ।

१४. बोलपत्र/दरभाउपत्र पेश गर्दा पूरा गर्नु पर्ने अन्य शर्तहरु बोलपत्र / दरभाउपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

१५. बोलपत्र वा दरभाउपत्र स्वीकृत गर्ने या नगर्ने अधिकार यस प्रतिष्ठानमा सुरक्षित रहनेछ ।

१६. यस सम्बन्धमा थप जानकारीको लागि कार्यालय समयमा प्रतिष्ठानको प्रशासन शाखामा सम्पर्क राख्न सकिनेछ ।